अब पुरानो शैलीमा घर......। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-५२ ● २०७८ असार २८ गते सोमबार, ● 12 July. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहामा दूध बेचेर डेढ करोड आम्दानी



विकास संवाददाता
थाहा नगर

मकवानपुरको थाहा नगरपालिका- ३ की मन्दिरा बर्तौलाले दूध बेचेर एक वर्षमा रू सात लाख कमाइन् । उनले आफूले पालेका तीन उन्नत जातका गाईबाट आर्थिक वर्ष २०७७/७८ मा १२ हजार ८९३ लिटर दूध बेचिन् । सोही नगरपालिकाकै वडा नम्बर १ की कल्पना लामिछानेले गाईको दूध बेचेर एक वर्षभित्र रू दुई लाख २७ हजार आम्दानी गरिन् । उनले पाँच गाई पालेकी छन् ।

नगरपालिकामा पछिल्ला वर्षमा दूधका लागि पशुपालन फस्टाउँदै गएको छ । स्थानीय कृषक स्वरोजगार हुँदै आम्दानीका लागि कतै भौतारिनु पर्दैन भन्ने उदाहरण बन्न थालेका छन् । नगर पालिकामा घर नजिकै दूध बेचेर वार्षिक रू एक लाखभन्दा बढी आम्दानी गर्नेको सत्त्या दुई दर्जनभन्दा बढी छ । आर्थिक वर्ष २०७७/०७८ मा थाहा-६ का शिवप्रसाद अधिकारीले तीन हजार ३५१ लिटर, थाहा-२ का सुरेन्द्र बस्नेतले तीन हजार ३६० लिटर, थाहा-३ की राजी केसीले तीन हजार २८१ लिटर, थाहा-२ का राजु ढकालले तीन हजार १९९ लिटर दूध बेचेका छन् । उनीहरूको वार्षिक आम्दानी रू डेढ लाखभन्दा बढी छ ।

नगरपालिकाका पशु विकास शाखाका निमित्त प्रमुख रूपेशकुमार मिश्रका अनुसार नगरपालिकाभित्र दूधका लागि अहिले ३१५ कृषकले व्यावसायिक रूपमा पशुपालन गरिरहेका छन् । उनीहरूले व्यावसायिक रूपमा पालेका गाई भैँसीबाट चालू आवको हालसम्म कूल तीन लाख दुई हजार ९१४ लिटर दूध संकलन भएको छ । औसतमा प्रतिलिटर रू ५५ को दरले हिसाब गर्दा उक्त परिमाणको दूध बिक्रीबाट कृषकले रू एक करोड ६६ लाख ६० हजार आम्दानी गरेका छन् । दूधका लागि धेरैजसो कृषकले उन्नत जातका गाई पालेका छन् । करीब ५० कृषकले भैँसी पालन गरेका छन् । सोका लागि नगर पालिकाले पशुपालन पकेट क्षेत्र घोषणा गरेको छ ।

पशुपालन पकेट क्षेत्रअन्तर्गत यस नगरपालिकामा सबैभन्दा धेरै पशु पालक कृषक वडा नं ६ बज्रबाराहीमा छन् । बज्रबाराहीमा बज्रबाराही पशुपालन कृषक समूह नै बनाएर पशुपालन व्यवसाय प्रवर्द्धनको काम भइरहेको प्राविधिक बिकेस कार्कीले जानकारी दिए । सो समूहमा आबद्ध १०० कृषकबाट मात्र एक वर्षमा ५७ हजार लिटर दूध बिक्री भएको बताइएको छ ।

घर्तीखोला, फाँटबजार, थानाबजार, ओखरबजार, बज्रबाराही र जगडाँडा क्षेत्रलाई पशुपालन पकेट क्षेत्र घोषणा गरी दूध संकलनका लागि पकेट क्षेत्रमै संकलन केन्द्रको व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ । उत्पादन क्षेत्रमै संकलन केन्द्र स्थापना गरिएपछि कृषकलाई बजारीकरणको कुनै समस्या नभएको बज्रबाराहीस्थित नन्दीकेश्वर डेरीका सञ्चालक प्रमोद जोशीले बताए ।

बाँकी पेज ५ मा

## पालुङमा आलु भित्र्याइयो

◆ गणेश विष्ट



फर्पिङको नासपाती र चित्लाङको मूला भनेझैँ पालुङको आलु भनेपछि नेपालमै प्रशिद्ध छ । नेपालको सबै हावापानी र भूगोलमा आलु खेती गरिने भए पनि पालुङको आलु भनेपछि आलुपारखीहरू भान्साका लागि अलि बढी नै लिने गर्दछन् । पकाएर, उसिनेर, तारेर, गालेर, अचार बनाएर विभिन्न विधिबाट छुट्टै या अन्य विभिन्न थरीका तरकारीसँग मिसाएर खान सकिने भएकोले सर्वाधिक खरिद गरिने तरकारीमध्ये आलु पर्दछ ।

आलु उत्तरी मकवानपुरका कृषकका लागि मुख्य बाली र आधार बाली दुबै हो । आलु भित्र्याएपछि अन्य बालीहरूको शुरूवात हुन्छ । सदाझैँ यस वर्ष पनि यहाँका किसानहरूले जो उत्पादन भएको आलु खनखान गरेका छन् । उत्पादन, बजार र आवश्यकता अनुसार विक्रीवितरण पनि भइरहेको छ । नगरमा उत्पादन हुने आलुलाई थप बजारीकरण तथा विऊ उत्पादनमा सहजताको लागि शीतभण्डार समेत निर्माण भैरहेको छ ।




## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

'स्वास्थ्य नै ठूलो धन हो'
'कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,
अत्यावश्कीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।'

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु-सुचीत गरौं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचिमिचि हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## जनता आवास जनतालाई नै होस्

नागरिकको मौलिक अधिकारमा गाँस, बास र कपास मात्र होइन, स्वास्थ्य, शिक्षा, रोजगार र सुरक्षा पनि जोडिएको छ। यसलाई वर्तमान संविधान र कानुनले नै परिभाषित गरेको छ। खान, बस्न र लाउन पुगे मात्रै स्वास्थ्य, शिक्षा, रोजगार र सुरक्षातर्फ नागरिकको ध्यान केन्द्रित हुन्छ। त्यसैले जो कुनै व्यक्तिले बास, गाँस र कपासलाई पहिलो प्राथमिकतामा राख्छन्। नागरिकको मौलिक अधिकार सुनिश्चित गर्नु सरकारको कर्तव्य र दायित्व पनि हो। तर, संविधान र कानुनमै लेखेका मौलिक हकको अनुभूति सर्वसाधारणले गर्न पाएका छैनन्। अझै पनि पहिलो प्राथमिकतामा पर्ने खान, बस्न र लाउनबाट लाखौं नागरिक वञ्चित छन्। त्यसपछि आवश्यक पर्ने शिक्षा, रोजगार र सुरक्षा त परको कुरा, स्वास्थ्य उपचारमा नागरिकले कस्तो सास्ती भोगे कोरोना महामारीले प्रष्ट पारेको छ। आफ्ना नागरिकको मौलिक अधिकारको प्रत्याभूति गराउने सम्पूर्ण दायित्व सरकारको हो। अहिले त गाउँगाउँमा सिंहदरबार पुगेका छन्। संघीय लोकतान्त्रिक गणतन्त्र आएसँगै प्रत्येक प्रदेश, तहहुँदै वडासम्म सरकारको उपस्थिति छ। नागरिकको समस्या आँखाले देख्ने ठाउँमा बसेर समाधान गर्नेसम्मको अधिकार सरकारमा छ । ती सरकारको पहिलो दायित्व भनेकै नागरिकको आवास अर्थात् बासको व्यवस्थापन गर्नु हो। तर, सरकारको अहिलेसम्मको सत्ता अभ्यास हेर्ने हो भने यसको ठीक उल्टो काम देखिन्छ।

संविधान र कानुनको धज्जी उडाउँदै सरकारले नै उल्लिखित मौलिक अधिकारको समेत निजीकरण र व्यापारीकरण गरिदिएको छ। त्यसबापत प्राप्त हुने कमिसनमा मुख मिठ्याएर बस्दा नागरिकको बिचल्ली भएको छ। खुल्ला आकासमुनि अझै पनि लाखौं घरबारविहीन घाम र पानीमा तड्पिरहेका छन्। यस्ता घटना देख्दा जनता भोक, रोग, गर्मी वा जाडोले मरुन् सरकारलाई मतलब नभएको भान हुन्छ। सरकारमा मानवीय संवेदना हराएको पाइन्छ। जनता मृत्युशैय्यामा छट्पटिँदा पनि राज्यको अनुभूति र उपस्थिति उनीहरूले महसुस गर्न पाउँदैनन्। बाढीपहिरोको समयमा रात दिन रुझेर घामको प्रतीक्षामा बस्ने घरबारविहीन जनताको पीडामा जुनै सरकार आए पनि मलम लगाएको छैन। नांगा जनताका नाममा घोषणा गरिने आवास निर्माणका विभिन्न परियोजना र बजेटमा कमिसनको चक्कर चल्छ। कमिसनकै वरिपरि बजेट र परियोजनाले गोलचक्कर मार्दा गरिब उकास्न सुरु भएका परियोजना लथालिंग हुन्छन्। यसको उदाहरणका रूपमा जनता आवास कार्यक्रमलाई लिन सकिन्छ।जनता आवास कार्यक्रमले छाप्रामा बस्ने महोत्तरीको गौशालास्थित फुलकाहा, मलहनियाँ, बेलगाछी र खयरमाराका दर्जनौं परिवारलाई अहिले खुल्ला आकासमुनि पुऱ्याइदिएको छ। जनता आवास कार्यक्रमअन्तर्गत पक्की घर बनाइदिने आशा देखाएर प्रदेशसभा सदस्य भरतप्रसाद साहले फुसको घर भत्काउन लगाएपछि पक्की घर पनि नपाउँदा बिचल्ली भएको हो।

दुई वर्षदेखि उनीहरू खुल्ला आकासमुनि दिन रात काट्न बाध्य छन्। जनता आवासअन्तर्गत बन्ने घर पनि निर्माण नसक्दा र कमसल सामान प्रयोग गर्दा बनेका संरचना भत्कन थालेका छन्। यस स्थानमा सरकारको लगानी बालुवामा पानीसरह भएको छ। यो एउटा उदाहरण हो। यस्ता धेरै स्थानका जनता आवास कार्यक्रमअन्तर्गत सुरु भएका थुप्रै योजना अझै पनि लथालिंग छन्। करोडौंका योजना लाखौं खर्च गरेर त्यसै छाड्दा बजेटको दुरूपयोग त भएको छ नै। यस्ता क्रियाकलापले सोझासाझा दलित समुदायमाथि सरकारले भद्दा मजाक, घोर उपहास र उपेक्षा गरेको प्रष्ट हुन्छ। समय परिवर्तनशील भएकाले नागरिक पनि चेतनशील बन्दैछन्। त्यसैले गरिबलाई देखाएर ठग्ने धन्दा बन्द गरौं। जनता आवास साँच्चीकै जनताकै लागि बनाऔं।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# समावेशीता र (अ)समावेशी आयोग

डा. गणेश रेग्मी



राज्यका साझास्थान, अवसर, स्रोतसाधन सबैलाई समान रूपमा हुनुपर्छ, मूलप्रवाहमा सबैको पहुँच हुनुपर्छ । समावेशीताले विविधतालाई सम्बोधन गर्छ। पहिचानका लागि सहयोग गर्छ। सिमान्तकृत समूहलाई मूल प्रवाहमा ल्याउँछ। यो आधुनिक र सभ्य समाजको आधार र परिचायक हो। यसलाई निःशब्दको बोली, बेसहाराको आधार ,नपाएका वा खोसिएकाको अवसर र समानताको मेरूदण्डकोरूपमा वुझ्न सकिन्छ। हाम्रो संविधान, कानुन र अन्तर्राष्ट्रिय दायित्व (पेरिस प्रिन्सिपल) ले पनि समावेशीतालाई अनिवार्य सर्तकोरूपमा राखेको छ। यो अनुलंघनीय र असंशोधनीय सर्त हो ।

संविधान र कानुनमा राष्ट्रपति र उपराष्ट्रपतिलगायत स्थानीय तहसम्मका प्रमुख र उपप्रमुखको फरक फरक लिंग वा समुदाय हुनुपर्ने, जनप्रतिनिधि, कर्मचारी र सार्वजनिक पदहरूमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र र फरक क्षमताका व्यक्ति हुनुपर्ने जस्ता व्यवस्था छन्। यस्ता प्रावधानलाई उच्च स्थान दिएर मात्र हुँदैन, व्यवहारमा लागू हुनुपर्छ। संविघानको प्रस्तावना अनुसार नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त देश हो। यो देश समावेशी र सहभागितामूलक मान्यतामा आधारित छ ।

धारा ४२ अनुसार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकसमेतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक छ । संविधानको धारा ५० अनुसार समानुपातिक समावेशीकरण समेतलाई राज्यका निर्देशक सिद्धान्त मानिएको छ । धारा ५६ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नुपर्ने गरी राज्यको संरचना किटान गरिएको छ ।

नेपालमा राजदूत र विशेष प्रतिनिधि नियुक्ति गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नुपर्ने कुरा धारा २८२ मा उल्लेखित छ। धारा २८५ अनुसार सरकारी सेवामा खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा कर्मचारी लिइन्छ। नेपाली सेना समावेशी हुनुपर्ने कुरा धारा २६७ मा छ । जेहोस्, सबै क्षेत्रमा समावेशीताका लागि आआफ्ना कानुन स्पष्ट छन् । हालै समावेशी आयोगमा भएको नियुक्तिले यो विषय पुनः चर्चामा आयो। नआओस् पनि किन? समावेशी आयोगमा पदाधिकारीको नियुक्ति नै असमावेशी । गत असार १० भएको नियुक्तिले सो आयोगका अध्यक्षमा कास्कीका डा.रामकृष्ण तिमिल्सेना नियुक्त भए । सदस्यमा पर्वतका पुष्पराज तिमिल्सिना र बझाङका मानबहादुर क्षेत्री नियुक्ति भए ।

आयोगमा विगतदेखिकै सदस्यमा मकवानपुरकी विष्णुमाया ओझा र बैतडीका हरिदत्त जोशी थिए। यी सबै खस आर्य सम्प्रदायका परे, सबै पहाडका। महिला र जेष्ठ नागरिकबाहेक दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र र फरक क्षमताका व्यक्ति परेकै छैनन् । पालना हुँदैनन् भने कानुन कागजका खोस्टा मात्र हुनपुग्छन्। समावेशी आयोगको वनोटले नेपालमा समावेशी सिद्दान्तलाई कागजको खोस्टामा सीमित गरेको देखिन्छ। एकातिर कानुन अर्कोतिर व्यवहार !

धारा ३०६(१)(ठ) अनुसार 'संवैधानिक निकाय' भन्नाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग भनेर किटान गरिएको छ। धारा २८३ मा संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ भन्ने व्यवस्था छ ।

यसैले समावेशी आयोग मात्र नभई अन्य सबै सम्बैधानिक आयोगका पदमा नियुक्ति गर्दा समावेशी सिद्दान्त अनिवार्यरूपमा पालना गर्नुपर्ने हुन्छ। नेपालका संवैधानिक निकायमध्ये अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग विगतको संविधानदेखि नै निरन्तर छन्। राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग भने नयाँ संविधानसँगै अस्तित्वमा आएका हुन् ।

सँगै जन्मेका यी आयोगहरूमा भएको नियुक्ति पनि हेरौं । राष्ट्रिय महिला आयोगमा सबै महिला छन् । राष्ट्रिय दलित आयोगमा सबै दलित छन् । आदिवासी जनजाति आयोगमा सबै आदिवासी जनजाति छन् । मधेसी आयोगमा सबैमधेसी छन् । थारू आयोगमा सबै थारू छन् । मुस्लिम आयोगमा सबै मुस्लिम छन् । खोइ यी आयोगमा समावेशीता? धारा २८३ को व्यवस्था अनुसार यी सबै आयोग अनिवार्यरूपमा समावेशी हुनुपर्छ । दलित आयोगमा गैर दलित खै? आदिवासी जनजाति आयोगमा आर्य खस खै?मधेसी आयोगमा पहाडी खै?थारू आयोगमा अन्य जाति खै? मुस्लिम आयोगमा गैर मुस्लिम खै?

२००७ पछि नेपाली कांग्रेसले सामवेशीताको कुरा उठायो। २०३० को दशकदेखि माले-एमाले। जनयुद्दसँगै माओवादीले नयाँ उचाईमा पुऱ्यायो । समावेशीताको मूल यथार्थ के हो भने यसको समाधान सम्बन्धित सम्प्रदायको एकल प्रयासले हुँदैन। २०२१ सालको भूमिसुधारले मोहियानी हक नदिएको भए विशाल संख्यामा रहेको काठमाडौंको ज्यापू समुदायमा जग्गाको स्वामित्व हुँदैनथ्यो किनकि त्योभन्दा अघि जात व्यवस्थाले ज्यापू समुदायलाई जग्गाको मालिक बन्न दिएकै थिएन । त्यो ल्याएको राजा महेन्द्र वा गैर नेवारले हो। अमेरिकामा काला जाति दास हुने व्यवस्था हटाउने अब्राहम लिंकन आफैं गोरा हुन् ।

नेपालमै कमारा कमारी हटाउने चन्द्र शमसेर क्षेत्रीय शासक हुन् । नेपालमा यदि केही सुधार भएको छ भने सबैको सहकार्यमा भएका छन् । एकल जातीय, क्षेत्रीय वा लैंगिक हिसाबले भएका छैनन् । तराईमा होली खेल्दा एउटै रंगमात्र नलगाई धेरै किसिममा रंगको वर्षा गरिन्छ त्यसमा लुकेकोछ समावेशीता। पहाडका तिहारमा निधारमा लगाउने सप्तरंगले देखाउँछ समावेशिता। हिमालमा फर्फराउने थरिथरिका रंगीविरंगी बौद्ध तोरणहरूले फैलाउँछन् समावेशिताको सन्देश। एउटा रंगको काग राम्रो देखिँदैन जबकि बहुरंगी मयूर आकर्षणको प्रतीक हो । एउटै रंग मात्र राम्रो हुँदैन, यही हो समावेशीताको मूल मर्म ।

धारा २८३ ले सबै संवैधानिक निकायमा समावेशीता हुनुपर्छ भन्दाभन्दै किन तराईको होली, पहाडको टिका र हिमालको तोरणमा एक रंगमात्र हुनुपर्नेजस्तो व्यवस्था गरियो? प्रधानमन्त्री, प्रधानन्यायाधीश जस्ता मुर्धन्य व्यक्ति संवैधानिक परिषद्का सिफारिसकर्ता हुने अनि राष्ट्रपतिले त्यसलाई सदर गर्ने? सिफारिसकर्ता, निर्णयकर्ता र पदमा आसिन व्यक्ति कसको दोष? जिम्मेवार व्यक्तिले किन नसोचेको? सल्लाहकार, सचिवालय र अन्य आसेपासेका के काम? हेर्नु पर्दैन?

समावेशीताको कुरा गर्दा समावेशी चरित्र पनि देखिनु पर्छ। यदि कसैले यीमध्येका कुनै एक आयोगमा समावेशीता भएन भन्ने हो भने अरू आयोगलाई छोड्न मिल्ला र? एउटा आयोग समावेशी हुनुपर्ने अरू एकांकी हुन मिल्ला? जसको आयोग, त्यही समुदायका मानिस मात्र पदाधिकारी र हनु गलत र समावेशीताको मर्मविपरित हो। आफैंले आफ्नो कमजोरी देखिँदैन। सबै आयोगमा सबै जात जाति, महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक हुनुपर्छ। गल्ती छ भने एउटा मात्र सुधारिने होइन, सबै सुधारिनु पर्छ । सुधार सबै ठाउँमा जरूरी हुन्छ। स्मरणीय छ, समावेशीताभित्र पनि योग्यता खोज्नैपर्ने हुन्छ, अन्यथा अयोग्यबाट योग्य शासित हुनु पुग्दछ ।

राज्यका साझास्थान, अवसर, स्रोतसाधन सबैलाई समानरूपमा हुनुपर्छ। मूलप्रवाहमा सबैको पहुँच हुनुपर्छ। नयाँ संविधान बनाएर मात्र हुँदैन, पालना हुनुपर्छ। नगरे यस्तै चर्चा परिचर्चा हुन्छन् । यस्तै लेख्नुपर्ने हुन्छ। संविधानविरूद्धको यस विषयलाई कोही इच्छुक भए रिटमार्फत अदालत लान सकिन्छ।

अन्तमा, अब आइन्दा सबै निकायमा योग्यताको आधारमा समावेशी प्रतिनिधित्व गरियोस्। संवैधानिक परिषद्सँग अग्रिम अपेक्षा र शुभकामना ।

# रक्तदान: कति फाइदाजनक ?



'रक्तदान महादान' । हामीले आफ्नो शरीरलाई सग्लो राखेर परोपकारका लागि गर्न सकिने सबैभन्दा सजिलो काम हो, रक्तदान । यसलाई 'महादान' पनि भनिएको छ । किनभने हामीले रक्तदान गर्दा त्यसले अरू विरामी वा रोगीले नयाँ जीवन पाउन सक्छन् । एक युनिट रगतले पनि कसैको ज्यान बच्न सक्छ ।

यद्यपि मान्छेहरू रक्तदान गर्नमा उति जागरूक छैनन्, जति यसको महत्व र जरूरी छ । विभिन्न स्थानमा रक्तदानको अभियान नै चलाइएको हुन्छ, तर मान्छेहरू रक्तदानका लागि तयार हुँदैनन् । यसो हुनुमा रक्तदानप्रति मान्छेको गलत धारणा पनि एक हो । कतिपयले के भन्छन् भने रक्तदान गर्ने क्रममा अरू रोग सर्न सक्छ । जस्तो कि, एड्स, क्यान्सर आदि । तर, चिकित्सकहरू यस्तो कुरा स्वीकार्दैनन् । उनीहरू भन्छन्, रक्तदानले केवल अरूलाई जीवनदान मात्र मिल्दैन, स्वयम् दातालाई पनि फाइदा गर्छ ।

एक स्वस्थ व्यक्तिले रक्तदान गर्नु पूर्ण रूपमा सुरक्षित छ । जब रक्तदान गर्नका लागि जानुहुन्छ, तब चिकित्सकले तपाईंको हेमोग्लोबिन, ब्लड प्रेशर र तौल जाँच गर्छन् । सबै कुरा ठीकठाक वा सामान्य भएमा तपाईंलाई रक्तदानका लागि अनुमति दिइन्छ । १८ देखि ६० वर्षसम्मका कुनै पनि स्वस्थ व्यक्तिले वर्षमा तीन वा चार पटक सम्म रक्तदान गर्न सक्छन् । रक्तदान गर्नका लागि तपाईंको शरीरको तौल ४५ केजीभन्दा माथि हुनुपर्छ ।

**किन जरूरी छ रक्तदान**

तपाईंको एक युनिट ब्लडले लगभग तीन जना व्यक्तिको ज्यान बच्न सक्छ । यसैले पनि हरेक स्वस्थ व्यक्तिले रक्तदान गर्न उचित हुन्छ । रगतलाई अरू हिसाबले बनाउन सकिंदैन न यसको कुनै अर्को विकल्प छ । शल्यक्रियाको क्रममा वा दुर्घटनापछि जब कुनै व्यक्तिको उपचार गर्नुपर्छ, उनीहरूलाई रगतको जरूरी हुन्छ । उक्त आवश्यकता तपाईंले दान गर्नुभएको रगतले परिपूर्ति गर्छ । त्यसैले यसलाई महादान भनिएको हो ।

**रक्तदानको फाइदा**

रक्तदान गर्नु पनि आफैंमा फाइदाजक छ । यसले खासगरी मुटुलाई स्वस्थ बनाइराख्न सहयोग गर्छ । साथसाथै अरूको मुटुको ढुकढुकी कायम राख्न पनि तपाईंको रक्तदान जरूरी हुन्छ ।

-रक्तदानले तपाईंलाई हृदयघात, स्ट्रोक जस्तो विरामीबाट सुरक्षित राख्छ । रक्तदान गरेपछि रगत पातलो हुन्छ, जो मुटुको लागि राम्रो मानिन्छ ।

-रक्तदानले शरीरमा आयरनको मात्रा सन्तुलित हुन्छ, जसले क्यान्सर र लिभरको समस्याबाट बच्नमा सहयोग गर्छ ।

-रक्तदान गर्नाले तपाईंको शरीरमा नयाँ रक्तकोषिका बन्छ, जसले तपाईंमा नयाँ उर्जा मिल्छ ।

-रक्तदानपछि हेपटाइटिस बी, सी, एचआईभी र केही रोगको परीक्षण गरिन्छ । अतः यस्ता संभावित रोगको शुरूमै पहिचान गर्न सहयोग हुन्छ ।

**रक्तदानपछि हुने केही साइड इफेक्ट**

रक्तदानपछि केही शारीरिक कमजोरी महसुस हुनसक्छ । कतिपयलाई चक्कर लाग्छ, वान्ता पनि हुन्छ । सुई लगाएको ठाउँमा दुखाइ महसुस हुन्छ । तर, बुझ्नुपर्ने कुरा त के भने यस्तो साइड इफेक्ट एकदमै कम मान्छेमा मात्र हुन्छ । साथै यी सबै कुरा एकदमै सामान्य हुन्छ, जो चाँडै निको भइहाल्छ ।

# आँप किन्दा के कुरामा ध्यान दिने ?



अहिले बजारमा आँपको सिजन चलेको छ । हामी बजारबाट खान योग्य पाकेका आँप किनेर खाने गर्छौं । देशका विभिन्न ठाउँबाट आउने भिन्दाभिन्दै प्रजातिका आँपले काठमाडौंको बजार ढाकेको छ । तर यस्ता आँप उपभोगका लागि सुरक्षित छन् त ?

सामान्यतयाः हामीले खाने फलफूलहरू दुई प्रकारका हुन्छन् । एउटा बोटमै फलेपछि टिप्ने र अर्को काँचैमा टिपेर पकाउने खालको । बजारको लागि टाढा लैजानुपर्ने भएकोले आँप काँचैमा टिपेर पकाउने गरिन्छ । टाढा टाढासम्म लैजानुपर्ने भएकोले संसार भरि चल्ने कुरा हो । प लगायत फलफूल पकाउनको लागि विषादीको प्रयोग गरिँदैन । यद्यपि रोग फैलिन नदिनका लागि केही विषादीहरू प्रयोग हुन सक्छन् । फलफूल पकाउनको लागि रासायनिक विषादीभन्दा इथिलिङ नामक हर्मोनको प्रयोग गर्ने गरिन्छ । यसले गर्दा फलफूल छिटो पाक्ने गर्छ ।

इथिलिङ तोकिएको डोजमा प्रयोग गरियो भने यो मानव स्वास्थ्यको लागि खतरनाक हुँदैन । यो एक केमिकल हो । यसलाई विश्वका कुनै पनि प्रयोगशालाले विषादी मानेको छैन । तर यसको प्रयोग पनि निश्चित डोजभन्दा धेरै गरियो वा छिटो पकाउने होडमा धेरै मात्रा राखियो भने फेरि यो आफैंमा घातक हुन सक्छ ।

फलफूललाई छिटो पकाउनको लागि प्रयोग गरिने अर्को रसायन हो कार्बाइक । कार्बाइक इथिलिङभन्दा तुलनात्मक रूपमा बढी हानिकारक हुन्छ । यसलाई पनि इथिलिङको अर्को रूप मानिन्छ । यो एक किसिमको धुलो हो । यसको यति किलो आँपमा यति हाल्ने भन्ने हुन्छ । तर व्यापारीले छिटो पकाउने होडमा डोज बढाइदिन सक्छन् । त्यस्तो भयो भने यसले असर गर्छ । तर यति हुँदाहुँदै पनि विषादीले जस्तो यसले असर भने धेरै गर्दैन ।

**घरमै आँप पकाएर खानु उपयुक्त**

बजारमा बिक्री हुने आँपमा तोकिएको डोजभन्दा धेरै मात्रामा इथिलिङ प्रयोग गरिएको छ कि छैन ? भन्ने कुरा प्रयोगशालाबाट मात्रै थाहा हुन्छ । आँप हेरेर त्यो थाहा नहुने भएकोले काँचो आँप घरमै पकाएर खानु उपयुक्त हुन्छ । तर सामान्यतया हामीले पाकेको आँप वा अन्य फलफूल पनि ल्याउँदा एकै रातमा धेरै गल्यो भने त्यसमा कार्बाइडको मात्रा बढी छ भनेर अनुमान लगाउन सक्छौं ।

आँपको गुणस्तरमा हार्भेस्टिङदेखि ढुवानी र भण्डारणको व्यवस्थासम्मले असर गर्छ । त्यस्ता फलफूलहरू टिप्दा नै घाउचोट नलाग्नेगरी टिप्नुपर्छ । हार्भेस्टिङको समय मिलाएर टिपिएको छ भने कुनैपनि रसायन विना नै आँप पकाउन सकिन्छ । तर व्यवसाय गर्नेहरूले यसमा धैर्य अपनाउन नसक्दा यस्ता रसायन प्रयोग हुने गर्छन् । तर ४/५ दिनसम्म तातो ठाउँमा बफ्याएर राख्ने हो भने कुनै रसायनको प्रयोग नगरी आँप पकाउन सकिन्छ । छिप्पिएको आँपलाई घरमा ल्याएर एउटा भाँडामा दुई वटा पाकेको आँपसँग राखिदिने हो भने दुई/तीन दिनमा यो आँप आफैं पाक्ने गर्छ । तर बजारमा पाकेको आँप किन्दा त्यसमा इथिलिङ वा कार्बाइकको बढी डोज भएको आँप पर्ने सम्भावना हुन्छ ।

घरमा आँप पकाउँदा विभिन्न विधि अपनाउन सकिन्छ । पाकेको आँपसँग काँचो आप राख्ने वा हल्का नुनपानीमा डुबाएर केहीबेरपछि तातो ठाउँमा राखेर पनि सजिलै आँप पकाउन सकिन्छ ।

**बजारमा आँप किन्दा के-के कुरामा ध्यान दिने ?**

बजारमा आँप किन्दा सकेसम्म खुला ठाउँमा राखिएको आँप किन्नु उपयुक्त हुन्छ । कार्टुनमा राखेको आँपमा यदि इथिलिङको मात्रा बढी छ भने त्यसले असर गर्न सक्छ । तर खुला ठाउँमा रहेको आँप किन्दा त्यसले समस्या सिर्जना गर्दैन । आँप किन्दा सकेसम्म काँचो किन्नुहोस्, ताकि घरमा लगेर आफैँले पकाउन सकियोस् ।

उपभोक्ताले बढी पाकेको आँप खोज्छन् । त्यसले गर्दा पनि व्यवसायीहरूले त्यस्ता रसायनको प्रयोग गर्ने गर्छन् । तर आँप खाने बेलामा उपभोक्ताले केही धैर्य अपनाउने हो भने गुणस्तरीय हिसाबले आफ्नै घरमा आँप पकाएर खान सकिन्छ । जस्तो एकै ठाउँमा आँप राख्ने कन्जस्टेड गरेर राख्नु हुन्न । यस्तो गर्न सकियो भने बजारमा रहेका आँपलाई हामी सुरक्षित ढंगले खान सक्छौं ।

# मुटु बचाउने सात तरिका

**१. कम्तिमा सात घन्टा सुतौं**

हरेक रात कम्तिमा सात घन्टा सुतौं। कडा परिश्रम छ भने आठ घन्टा सुत्न सकिन्छ। निद्रा बिग्रिएमा शरीर चल्ने प्रक्रियामा गडबड हुन्छ र मधुमेहले सताउने सम्भावना बढ्छ। निद्रा नपुग्दा धमनीमा क्याल्सियम जम्मा हुने खतरा रहन्छ, जसले धमनी खुम्चिन सक्छ।

**२. आफ्नो रक्तचाप जानी राखौं**

रक्तचापको जानकारी अत्यन्त महत्वपूर्ण छ। उच्च रक्तचापले धमनीलाई कमजोर बनाउँदै लान्छ। १२०/८० देखि १३०/८५ को रक्तचापलाई उच्च मानिदैन। रक्तचापलाई नियन्त्रणमा राख्नु भनेको आ˜नो शरीरलाई स्वस्थ्य र तन्दुरूस्त राख्नु हो। यसका लागि व्यायाम, मोटोपना घटाउने, तनाव मुक्त हुने उपाय अवलम्बन गर्नु राम्रो हो ।

**३. धूमपान नगरौं, सेकेन्डह्यान्ड धुँवाबाट बचौं**

अरूले खाएको धुँवाले पनि तपाईंलाई उत्तिकै असर गरिरहेको हुन्छ। चुरोट खाएको वरिपरि एक घन्टासम्म बस्नाले दिनको दुईदेखि चारवटा चुरोट खाए समान हानि पुर्यारूउँछ। धूम्रपान यसै पनि मुटुरोगको एउटा कारण हो।

**४. दैनिक कम्तिमा ३० मिनेट हिंडौं**

व्यायामले मानिसको आयु बढाउन मद्दत गर्छ। साथै, व्यायामले मुटुको धड्कन हरेक दिन राम्रोसँग चलाउन पनि मद्दत पुऱ्याउँछ। बुढोपना शरीरमा नदेखिनु त यसको प्रत्यक्ष फाइदा भइहाल्यो। त्यसैले दिनको कम्तिमा ३० मिनेट हिंडेर भए पनि स्वास्थ्यमा ध्यान दिनु जरूरी हुन्छ।

**५. हप्ताका एक दिन माछा खाऔं**

माछामा पाइने 'ओमेघा-३' तेलले मुटु र धमनीको चाललाई चुस्त राख्छ। यसमा पाइने प्रोटिनले मान्छेको मुटुलाई सबैभन्दा धेरै फाइदा गर्ने अनुसन्धानले देखाएको छ ।

**६. सन्तुष्ट हुन सिकौं**

आर्थिक कारणले मानसिक तनाव कहिल्यै लिन हुँदैन। तनाबले मान्छेको निन्द्रा मात्र होइन मुटुको काम गर्ने क्षमतामा पनि ह्रास ल्याउँछ।

**७. दाँत माझौं**

गिजामा लाग्ने रोगहरूले कहिलेकाहीँ हृदयघातसम्म गराउन सक्छ। तसर्थ, दन्त स्वास्थ्यको ख्याल गरेर पनि मुटु बचाउन सकिन्छ।

# काँक्रोका १५ रोचक तथ्य र स्वास्थ्यमा फाइदा

-काँक्रोमा पानीको मात्रा ९६ प्रतिशत हुन्छ, मानिसमो शरीरमा पानी आपूर्ति गर्न काँक्रो सबैभन्दा महत्वपूर्ण हुन्छ ।

-सूर्यको किरणद्वारा उत्पन्न हुने समस्याका लागि काँक्रो लाभदायी हुन्छ। यसको बोक्रामा नै म्याग्नेसियम, पोटासियम र सिलिकनजस्ता तत्व हुन्छन्। यहीकारण यसलाई स्पा उपचारका लागि प्रयोग गरिन्छ ।

-यसले शरीरमा भएको हानिकारक तत्वलाई प्रभावकारी रूपमा बाहिर निकाल्छ। मिर्गौलाको पत्थरीमा यो निकै लाभकारी मानिन्छ ।

-काँक्रो एन्टिअक्सिडेन्टले भरिपूर्ण हुन्छ। यसमा पाइने भिटामिन ए, बि र सिले रोगप्रतिरोधी क्षमतामा वृद्धि गर्छ र अल्छी लागेको बेला काँक्रो खाने हो भने त्यसले धेरै उर्जा दिन्छ ।

-पोषण र पानी पाइने भएकाले काँक्रोले तौल घटाउँन पनि मद्दत गर्छ।

-यसको टुक्राले आँखाको रातोपना र सुन्निएको घटाउँन सहयोग गर्छ।



-धेरै अध्ययनहरूले के पुष्टि गरेका छन् काँक्रोमा पाइने तत्वहरूले क्यान्सरसंग लड्न मद्दत गर्छन् ।

-रक्तचापलाई स्थिर राख्न पनि यसले मद्दत गर्छ ।

-मुख र गिजालाई ताजा राख्न र गिजाका समस्या समाधान गर्न पनि यसले सहयोग गर्छ ।

-यसमा पाइने फाइबर र पानीले खाना पचाउँन सहयोग गर्छ ।

-काँक्रोमा पाइने सिलिका कपाल, नङ र छालाका लागि महत्वपूर्ण मानिन्छन्, त्यसैले काँक्रो सौन्दर्यता बढाउँने खाद्यपदार्थ हो ।

-यसमा पाइने उच्च एन्टिअक्सिडेन्टले जोर्नी दुखाईलाई पनि मद्दत गर्छ।

-यसले युरिक एसिडको लेभललाई पनि घटाउँछ ।

-यसले इन्सुलिन उत्पादनका लागि प्याङक्रियाजलाई सहयोग गर्छ, त्यसैले काँक्रो मधुमेहका रोगीका लागि उपयोगी हुन्छ।

-यसले खराब कोलेस्टेरोल पनि घटाउन मद्दत गर्छ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# बकैयाको दुईवटा पुल उद्घाटन



◆ विकास संवाददाता

पूर्वि मकवानपुरको बकैया गाउँपालिकामा आज दुईवटा पुल उद्घाटन भएको छ । बागमती प्रदेशका मूख्यमन्त्री डोरमणि पौडेलले आज वडा नंबर ४ र ३ मा रहेको दुईवटा पुलको उद्घाटन गरेका हुन् । २२ आसरमा एक कार्यक्रमबिच मुख्यमन्त्री पौडेलले बकैया वडा नंबर ५ ठाँटी खोलामा निर्माण भएको पक्की पुल तथा वडा नंबर ३ को बकैया खोलामा निर्माण भएको झोलुङ्गे पुलको उद्घाटन गरेका हुन् ।

बागमती प्रदेश सरकार र स्थानीय बकैया गाउँपालिकाको संयुक्त लगानीमा समपुरक बजेट अर्न्तगत १ करोड रूपैँयाको लगानीमा निर्माण भएको बकैयाको श्रीपुर र रातदमार बिचमा रहेको ठाँटी खोलाको पुल २६ दशमलब २५ मिटर लम्बाई तथा ७ दशमलब २० मिटर चौडाईको रहेको छ । पुल निर्माण पछि बकैया वडा नंबर ४,५ र ६ नंबर का वासिन्दाहरूलाई मदन भण्डारी राजममार्गसम्म आईपुग्न सहज भएको छ ।

यसैगरी सोही दिन बकैयाको हात्तिसुडेबाट बसन जोडने झोलुङ्गे पुलको पनि उद्घाटन भएको छ । संघिय सरकारको आर्थिक सहयोग, राडो नेपाल तथा टिभिएसयुको प्राविधिक सहयोगमा निर्माण पुल निर्माण भएको हो । दुबै पुलको उद्घाटन गर्दै मुख्यमन्त्री डोर मणी पौडेलले अब विकासको युग प्रारम्भ भैसकेको बताए । नेकपा एमाले नेतृत्वको सरकारले देशैभरी विकासको काम गरेको भन्दै उनले बागमती प्रदेश सरकारको साढे तिन वर्षको कार्यकालमा मात्र हालसम्म ४६ वटा पुल निर्माण भएर सञ्चालन भैसकेको बताए ।

उद्घाटन कार्यक्रममा बोल्दै नेकपा एमालेका नेता तथा विगठित प्रतिनिधिसभा सांसद कृष्ण प्रसाद दाहालले बकैया गाउँपालिकामा विकासको मुहान फुटेको बताए । बकैया गाउँपालिका मदन भण्डारी राजमार्ग तथा फास्ट ट्र्याक्को क्षेत्रमा रहेको भन्दै यहाँ विकासको नयाँ आयम थपिएको बताए ।

बकैया नदि प्रणालिलाई उचित तटबन्धन गरेर हजारौ विगहा जमिन खेतियोग्य बनाउन सकिने कुरालाई मध्यनजर गर्दै यो पटकको बजेटमा संघिय सरकारले पनि तरकारी भण्डारणको लागि बकैयामा बजेट विनियोजन गरेको उनको भनाई रहेको छ । पुल निर्माण पछि बकैयाको ठाँटी खोलाले गर्दा हुने धेरै समस्याको निराकरण हुनुको साथै पुलको अभावमा खोलाले बगाएर अकालमा ज्यान गुमाउनुपर्ने बाध्यता हटने स्थानीयहरूको भनाई रहेको छ ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य जुनेली श्रेष्ठ, बकैया गाउँपालिकाका अध्यक्ष दामोदर खनाल, उपाध्यक्ष सरला बोलखे सहित स्थानीय राजतीतिककर्मी, वडा अध्यक्षहरूको सहभागिता रहेको थियो ।

# १२ जना दुग्ध उत्पादक कृषक सम्मानित



◆ विकास संवाददाता

राष्ट्रिय सहकारी दिवसको सर्न्दभमा मकवानपुरको बकैया गाउँपालिकामा १२ जना दुग्ध कृषकलाई पुरस्कृत गरिएको छ । दुध उत्पादन प्रोत्सहान कार्यक्रम अर्न्तगत बकैयाका १२ जना कृषक पुरस्कृत भएका हुन् । पुरस्कृत हुनेहरूमा यंकप्रसाद फुँयाल, दुधबहादुर राई, अर्जुन ढकाल, ंगंगाप्रसाद फुँयाल, श्यामबहादुर स्याङतान, कृष्णप्रसाद दाहाल, रूपक कुमार ढकाल, सोमबहादुर माझी, हिरा विश्वकर्मा, कृष्णबहादुर भोलन, रिता तिमल्सिना र रामकृष्ण थिङ रहेका छन् ।

उनीहरूलाई नगद सहित सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा सबैभन्दा धेरै दुध संकलन गरि विक्रि गर्ने सहकारी सस्था, उत्कृष्ठ कर्मचारीमाहरू तथा सहकारी अभियान्तलाई पनि पुरस्कृत गरिएको थियो ।

सहरकारी मार्फत बकैयालाई दुग्धजन्य उत्पादनमा आत्म निर्भर बनाउने अभियान अर्न्तगत गाउँपालिकाले यस्तताखाले प्रोत्सहान कार्यक्रम सञ्चालन गरेको बकैया गाउँपालिकाका अध्यक्ष दामोदर खनालले बताए । बकैया गाउँपालिकमा रहेका कृषक तथा पशु पालनमा सक्रिय किसानलाई गाउँपालिकाले विभिन्न अनुदानको कार्यक्रम सहितकमा मल, विउविजनमा समेत अनुदानका कार्यक्रमहरू सञ्चालन गरिरहेको बकैया गाउँपालिका उपाध्यक्ष सरला बोलखेले बताईन् ।

कार्यक्रममा बोल्दै हात्तिसुडे दुग्द सहकारी सस्थाका अध्यक्ष तोयानाथ दाहालले गाउँपालिकाले पशु डाक्टरको् सेवा साथै, उन्नत जातको घाँसको विउ तथा आधुनिक कृषि औजार समेत अनुदानमा दिनुपर्ने बताए । कार्यक्रममा गाउँपालिकाका वडाअध्यक्षहरू, प्रमुख प्रशासकिय अधिकृत सहितका अतिथिहरू रहेका थिए ।

# न्यौपाने पदस्थापित

◆ विकास संवाददाता

रोट्र्याक्ट क्लब अफ मकवानपुरको अध्यक्षमा प्रतिक्षा न्यौपाने पदस्थापित भएकी छिन् । २५ असारमा मनहरी-३ मा आयोजित एक कार्यक्रमकाबीच न्यौपाने वर्ष २०२१/२२ को अध्यक्ष पदमा पदस्थापित भएकी हुन् । क्लबको उपाध्यक्षमा सरिता नेपाल, सचिवमा प्रदीपकुमार राई र कोषाध्यक्षमा राजन कटुवाल चयन भएका छन् ।

यस्तै, कम्युनिटि सर्भिस डाइरेक्टरमा भुवन घलान, प्रोफेसनल सर्भिस डाइरेक्टरमा पुष्पराज थापा मगर, क्लब सर्भिस डाइरेक्टरमा एलिशा न्यौपाने र सर्जन एट आर्म्समा प्रवेश धिताल कुन्दन चयन भएका छन्। अध्यक्ष न्यौपानेले आफ्नो कार्यकालमा नवीन काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले यस अघिका कार्यक्रमहरूलाई पनि निरन्रता दिने बताउँदै स्थानीय तहहरूसँग सहकार्य गरेर काम गर्ने प्रतिवद्धता व्यक्त गरिन् । रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष सुन्दरकुमार जोशीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा रोटरी क्लब अफ मकवानपुरका निवर्तमान अध्यक्ष कविन सांगामी, रोटरी क्लब अफ मकवानपुर का आगामी वर्षका अध्यक्ष कृष्णबहादुर कार्की, रोट्र्याक्ट क्लब अफ मकवानपुर का संस्थापक अध्यक्ष गणेश दर्पण अधिकारीलगायतका आतिथ्यता रहेको थियो । रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष सुन्दरकुमार जोशीले रोट्र्याक्ट क्लबसँग सहकार्य गरेर काम गर्ने बताए ।

# गरिब विद्यार्थीको साहारा बन्दै भीमफेदी गाउँपालिका



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका ९ की बिष्णुमाया मुक्तान अहिले ४८ बर्षकी भइन् । १६ बर्षको उमेरमा रेशमबहादुर मुक्तानसँग बिवाह गरेकी बिष्णुमायाको १० जना छोराछोरी छन् । उनका श्रीमान रेशमबहादुरको २ बर्ष अघि मृत्यु भएपछि १० जना छोराछोरीको जिम्मेवारी पुरै बिष्णुमायाको काँधमा थुप्रिएको छ । ९ जना छोरी मध्ये ३ जना छोरीहरूको बिवाह भैसकेको र ५ जना छोरीहरू पढाइ गरिरहेका छन् । बिष्णुमायाको एक छोरा छन् । हाल १८ बर्षका उनका छोरा जन्मँदै अपाङ्ग थिए । आर्थिक अभावकै कारण आफ्नो छोराको उपचार गर्न नपाएको सम्झन्दैं बिष्णुमाया भक्कानिन् । न जागिर नत उब्जनी गरेर खाने जग्गा जमिन नै प्रसस्त छ । बिहान ज्याला गरेर बेलुकाको छाक टार्न पर्ने समस्या भोगिरहेकी मुक्तानले आर्थिक अभावकै कारण आफ्नो एक मात्र छोरालाई के रोग लागेको थियो भन्ने सम्म पत्ता लगाउन नपाएको सुनाउँदै उनले आँखाभरी आँसु पारिन् । खेतिपाती धेरै छैन । थोरै बारी छ । बारीमा लगाएको मकैले जम्मा ४ महिना मात्रै खान पुग्छ । उनले भनिन् : ३ वटा छोरीहरूको त बिहे भयो । उनीहरू आफ्नो घर गरेर खाइरहेका छन् । ५ वटी छोरीहरू अहिले घरमै छन् । ४ वटी पढाई गरिरहेका छन् । दुईटीले स्कुल जान पनि छोडिसकी । गाउँमै मसँगै मेलापत गर्न हिड्छे । भीमफेदीमा आजभोली तरकारीको झार गोड्ने, तर कारी टिप्ने, मकै भाँच्ने लगाएतका कामहरू सुरू भएको छ । परिवारको पेट पाल्नको लागि बिष्णुमाया र उनकी १८ बर्षिय छोरी धेरैजसो मेलापातमा नै भेटिन्छन् । अहिले खाए भोली के खाऔं भन्ने चिन्ताले नछोड्नु बिष्णुमायाको लागि एउटा समस्या त छँदैछ । त्यसमा पनि घरमा अपांङ्ग छोरो मुढाजस्तै ओछ्यान मै सुतिरहन बाध्य छोराको चिन्ताले उनको मनमा कहिल्यै घाम लाग्न सकेकै छैन ।

गाउँमा मेलापातको काम भएसम्म बिद्यालय नै आउँन मान्दैनन् । साना भएपनि बसेर झार उखेल्ने कामहरू गर्ने भएकोले त्यस्ता कामहरूमै मेलापात जान रूचाउँछन् । किताब, कापी, कलम किन्ने पैसा जुटाउनको लागि मेला जान पर्छ भन्छन् । पढाई कसरी गर्ने भन्दा पनि व्यवहार कसरी टार्ने भन्ने तर्फ मन लगाउँछन्, प्राध्यापक पुडासैनीले भनिन् । बिद्यालयले सक्दो सहयोग त गरेको छ । तर आर्थिक अभावकै कारण पढाईमा मात्रै होइन मानसिक रूपमा पनि निकै असर परेको पाइन्छ । ती साना साना बालबालिकालाई खान लाउन र पढाउन समेत समस्या भैरहेको छ भन्ने खबर प्राप्त भएपछि गाउँपालिकाले केहि शैक्षिक सामाग्रीहरू समेत प्रदान गरेको छ । केही महिनालाई पुग्ने कापी, कलम, व्याग, जुत्ता लगाएतको गरी २५ हजार रकम बराबरको शैक्षिक सामाग्री वितरण गरिएको गाउँपालिकाको कार्यालयले जनाएको छ । गाउँपालिकाको शिक्षा शाखा अर्न्तगतबाट अपाङ्गता अशक्त र असाहय अभिभाबक बिहिन बालबालिका सहयोग गर्ने उद्देश्य अनुरूप स्टेशनरी लगायत ड्रेस जुत्ता छाता कपडा सहयोग गरिएको भीमफेदी गाउँपालिकाका शिक्षा शाखा अधिकृत कपिलमणी पौडेलले जानकारी दिए ।

गाउँपालिकाकी उपाध्यक्ष पार्वती रानाको पहलमा उक्त शैक्षिक सामाग्री हस्तान्तरण गरिएको गाउँपालिकाले जनाएको छ । भीमफेदी गाउँपालिकाको ९ नम्बर वडा कार्यालय पुगेर गाउँपालिकाकी उपाध्यक्ष रानासहित शिक्षा शाखाका गोविन्द चौंलागाई, लेखा अधिकृत करूणा रिसाल, भीमफेदी गाउँपालिका ९ नम्बर वडाका वडाध्यक्ष प्रकाश पुडासैनी, बिद्यालयका प्राध्यापक संगिता पुडासैनी लगाएतको उपस्थितीमा शैक्षिक सामाग्री वितरण गरिएको हो ।

मेलापत गर्दै पढीरहेका आफ्ना छोरीहरूलाई शैक्षिक सामाग्री हस्तारण गरेको प्रती बिष्णुमाया निकै खुसी भइन् । आगामी दिनमा पनि आफ्नो पिडामा पालिकाले मलम लगाउला की भन्ने कुरामा आशावादी भएको बताउँदै आफ्ना छोरीहरूले आफूले जस्तै दुख नपाउन् भनेर धेरै कक्षासम्म पढाउन मन लागेको तर आर्थिक स्थिती कमजोर भएकै कारण, सन्तान धेरै र एक्लैले परिवार पाल्न पर्ने जिम्मेवारीको कारण पढाउन सकिदैंन की भन्ने चिन्ता लागेको बिष्णुमायाले बताइन् । छोरीहरूको पढाईसँगै ओछ्यानमा थला बसेको अपाङ्ग छोराको उपचारको लागि पनि कँही कतैबाट सहयोग प्राप्त भए उपचार लाग्थ्यो की भन्ने आशा लागेको उनको भनाइ छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# 'अब पुरानो शैलीमा घर बनाए सहुलियत पाइने



◆ विकास संवाददाता

सरकारले मौलिकता झल्किनेगरी पुरानो शैलीमा घर बनाउनेलाई सहुलियत दिन सबै स्थानीय तहलाई आग्रह गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७ सय ५३ वटै स्थानीय तहलाई परिपत्र गर्दै मौलिकता झल्किनेगरी पुरानो शैलीमा घर बनाउनेलाई विभिन्न शीर्षकमा सहुलियत दिन आग्रह गरेको हो।

गत चैत ३१ गतेको मन्त्रीस्तरीय निर्णयबाट स्थानीय तहलाई नक्सा पास गर्नेदेखि अन्य विभिन्न आर्थिक दस्तुर र अन्य सेवामा सहुलियत दिने निर्णय भएको थियो। मन्त्रालयले भूकम्प प्रतिरोधी एवं नेपाली मौलिकता झल्किने खालको भवनको लागि ७ वटा नमुना डिजाइन समेत तयार पारेर स्थानीय तहलाई परिपत्र गरेको मन्त्रालयका प्रवक्ता समेत रहेका सहसचिव बसन्त अधिकारीले नेपाल प्रेसलाई जानकारी दिए।

उनका अनुसार यस्ता नमुना डिजाइन स्थानीय स्रोत र साधनबाट बनाउन सकिने खालका रहेका छन्। जसमा उपलब्धताको आधारमा ढुंगा र ईँटा दुवैको प्रयोग गर्न सकिने उल्लेख गरिएको प्रवक्ता अधिकारीले बताए। स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ ले भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको लागि नीति कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने अधिकार तोकेको छ। परिपत्रमा सकेसम्म घरको सबै भाग र नभए पनि अघिल्लो मोहोडा नेपाली वास्तुशैलीसँग मिल्दोजुल्दो बनाउने व्यवस्था गर्न आग्रह गरिएको छ। मुख्य ३ विषय समेटिएको परिपत्रको पहिलो बुँदामा नयाँ भवन बनाउने क्रममा नेपाली परम्परागत शैलीलाई प्राथमिकता दिने व्यवस्था गर्न भनिएको छ। भवन निर्माणको लागि नक्सा पास गर्ने बेलैमा कम्तीमा अघिल्लो मोहोडा परम्परागत शैलीसँग मिल्नेगरी मात्रै स्वीकृत गर्न परिपत्रमार्फत् आग्रह गरिएको छ।

त्यस्तै, स्थानीय नेपाली वास्तुकला झल्कने, प्राचीन सांस्कृतिक कला र संस्कृतिको प्रवर्द्धन हुने गरी नयाँ नक्सा पास गर्ने व्यवस्था मिलाउन पनि भनिएको छ। सार्वजनिक भवनको हकमा भने रैथाने वास्तुकला झल्कने स्वरूप दिन मन्त्रालयले स्थानीय तहलाई आग्रह गरेको जनाइएको छ।

# वर्षाका कारण पालुङ क्याम्पसमा भौतिक क्षति



◆ विकास संवाददाता

२३ असारको राती परेको अविरल वर्षाका कारण पालुङ बहुमुखी क्याम्पसमा क्षति पुगेको छ। भारी वर्षाका कारण क्याम्पसको नयाँ भवनसँगैको पर्खाल लडेको क्याम्पस प्रमुख रामहरि अधिकारीले जानकारी दिए।

क्याम्पसमा निर्माणाधीन शिलास्तम्भ नजिकैको पर्खाल भत्किएको उनले बताए।

पर्खाल तत्काल पुनर्निर्माण गर्नु पर्ने भए पनि यसको लागि आवश्यक बजेट नभएकोले सहयोगीहरूको खोजी भइरहेको क्याम्पस प्रमुख अधिकारीले जानकारी दिए।

पर्खाल भत्किएपछि क्याम्पसको नयाँ भवनलाई नै तान्ला भन्ने चिन्ता भएको क्याम्पस सञ्चालक समितिका अध्यक्ष बिष्णु विष्टले बताए।

# नयाँ ट्याक्टर खरिद गर्दै थाहा नगरपालिका





◆ विकास संवाददाता

थाहा नगरपालिकाले नयाँ ट्याक्टर खरिद गर्ने भएको छ। नयाँ ट्याक्टरको खरिदको लागि खरिद प्रक्रिया अघि बढिसकेको प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए।

नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ट्याक्टर खरिद गर्न गत १३ असारमा बोलपत्र आह्वान गरेको थियो। ५५ हर्सपावरको चार पाङ्ग्रे ट्याक्टर खरिद गर्न लागेको नगरपालिकाले जनाएको छ।

अहिले नगरपालिकामा एक दमकल, एक ब्याक्हो लोडर, एक रोलर र अन्य साना गाडीहरू रहेका छन्। अब ट्याक्टर थपिएपछि उक्त ट्याक्टरलाई फोहोरमैला व्यवस्थापन तथा सरसफाइ, विपद व्यवस्थापन, भौतिक निर्माण लगायतका क्षेत्रमा प्रयोग गरिने नगर पालिका विपद व्यवस्थापन फोकल पर्सन अनिल लामिछानेले जानकारी दिए।

# कैलाश गाउँपालिकामा ८ जना वडा अध्यक्षद्वारा बजेट बहिस्कार


मिति- २०७८।३।२७

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कैलाश गा.पा.को कार्यालय, कालिकाटार, मकवानपुर।

विषय- बैठक बहिस्कार गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा कैलाश गा.पा.को आ.व. २०७८।०७९ को बजेट अधिवेशन अन्तर्गत आज २०७८।३।२७ गते कार्यपालिका बैठक आव्हान गरेकोमा हामी समयमै बैठक हलमा प्रवेश गरी आ-आफ्नो एजेन्डा तयार गरी साँझ ५:४०

◆ विकास संवाददाता

कैलाश गाउँपालिकाको बजेट बाँडफाँडमा अध्यक्ष टंक बहादुर मोक्तानले एकलौटी गरेको भन्दै ८ जना वडा अध्यक्षहरू बहिस्कार गरेका छन्।

गत असार १५ गते नीति तथा कार्यक्रम पास गरेको गाउँपालिकाले २७ असारमा बजेटलाई अन्तिम रूप दिनको लागि बिहान कार्यपालिका बैठक बोलाएको थियो। तर वडा अध्यक्षहरूलाई जानकारी नदिई हेटौंडाको होटलमा बसेर बजेट बाँडफाँड गरेर अध्यक्षले एकलौटी गर्न खोजेपछि आफुहरूले बहिस्कार गरेको वडा अध्यक्षहरूको भनाइ रहेको छ। १० वटा वडा रहेको कैलाशमा एमाले र कांग्रेसका समान ४-४ जनाले बहिस्कार गरेका हुन्।

बहिस्कारबारे प्रतिक्रिया दिँदै कैलाश गाउँपालिका वडा नंबर ५ का वडा अध्यक्ष छेकु लामाले गाउँपालिका अध्यक्ष टंकबहादुर मोक्तानको मनलाग्दी अब सहन नसक्ने बताए। हेटौंडाको एउटा होटलमा केहि माओवादीहरूसँग बसेर गाउँपालिकाको बजेट एकलौटी ढंगले बाँढन थालेको भन्दै उनले यस्तो प्रवित्तीले गाउँको विकास नहुने बताए। आफुहरूले पटक-पटक गाउँपालिका अध्यक्षसँग बसेर सामुहिक छलफलमा योजना निर्माण गर्न अनुरोध गरेपनि अध्यक्षले कुनैपनि कुरा नमानेको र चोर बाटोबाट बजेट पास गर्न खोजेको कारण आफुहरूले बहिस्कार गरेको बताए।

कैलाश गाउँपालिकामा प्रत्येक वर्ष बजेटको सन्दर्भमा विवाद हुने गरेको देखिएको छ। अध्यक्षले वडा अध्यक्षहरूलाई वाईपास गरेर एकलौटी बजेट ल्याउन खोज्नुनै सबैभन्दा समस्या भएको वडा अध्यक्षहरूको भनाई रहेको छ। मुलुक केन्द्रीकृत राज्यप्रणालीबाट बिकेन्द्रीकरण तर्फ गैरहेको सन्दर्भमा अध्यक्षले आफुलाई केन्द्रमा राखेर वडा अध्यक्षलाई वाईपास गर्न खोजेपछि यो पटक माओवादी केन्द्रका दुई बाहेक अन्य ८ वडा अध्यक्षले बैठक बहिस्कार गरेका हुन्।

बैठक बहिस्कार गर्नेमा वडा नंबर १,२,५,६,७,८,९,१० नम्बरका वडा अध्यक्षहरू रहेका छन्। जसमध्ये वडा नम्बर १,५,८ र ९ नम्बर वडामा एमाले विजयी भएको थियो भने २,६,७ र १० नम्बर वडा मा नेपाली काँग्रेस विजयी भएको थियो।

# थाहालाई अक्सिजन कन्सन्ट्रेटर सहयोग



◆ विकास संवाददाता

कोरोना भाइरस रोकथाम तथा नियन्त्रण अभियानमा सघाउ पुऱ्याउन नेपाली काँग्रेस केन्द्रीय कार्य समितिले थाहा नगरलाई एक थान अक्सिजन कन्सन्ट्रेटर उपलब्ध गराएको छ।

नेपाली काँग्रेस केन्द्रीय सदस्य महालक्ष्मी उपाध्याय 'डिना'को नेतृत्वमा थाहा नगरकार्यपालिका आइपुगेको टोलीले नगरप्रमुख लवशेर विष्टलाई सो उपकरण हस्तान्तरण गरेको हो।

सो अवसरमा बागमती प्रदेश सांसद सन्तकुमार चेपाङ, थाहानगर उपप्रमुख खड्गबहादुर गोपाली, नेपाली काँग्रेसका नेताहरू आनन्दराम पराजुली, दिनेश उपाध्याय, योगेन्द्रमान श्रेष्ठ, भरत गोपाली, अमृता थापा, रत्नबहादुर गोले लगायतको सहभागिता रहेको थियो।

अक्सिजन मेशिन ग्रहण गर्दै थाहा नगरपालिका प्रमुख लवशेर विष्टले सहयोगप्रति नेपाली काँग्रेसलाई धन्यवाद दिए।

# थाहामा दूध बेचेर............

आफूहरूले संकलन केन्द्रमा बिक्री गरेको दूधको परिमाणका आधार मा संकलन केन्द्रबाट प्राप्त आम्दानीका अतिरिक्त नगरपालिकाले प्रतिलिटर रू डेढका दरले थपेर दिएपछि पशुपालक कृषक झनै उत्साहित भएका छन्।

कृषकलाई प्रोत्साहनस्वरूप थप रकम उपलब्ध गराउन नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा रू पाँच लाख बजेट विनियोजन गरेको थियो।

सो बजेटबाट संकलन केन्द्रमार्फत आर्थिक वर्षको अन्त्यमा एकमुष्ठरूपमा रकम उपलब्ध गराइएको निमित्त प्रमुख मिश्रले बताए।

नन्दीकेश्वर डेरीबाट ८४ कृषकलाई र पालुङ डेरीअन्तर्गत फाँटबजार-अङ्गारेका ५८ कृषकलाई, ओखरबजारका १२ कृषकलाई, थानाबजारका ११ कृषकलाई, जगडाँडाका २१ कृषकलाई र घर्तीखोलाका २९ कृषकलाई प्रतिलिटर रू डेढका दरले अतिरिक्त रकम उपलब्ध गराइएको छ।

त्यसैगरी बज्रबाराही पशुपालन कृषक समूहका १०० पशुपालकले अतिरिक्त रकम पाएका छन्।

घर्तीखोलाकी मन्दिरा बर्तौलाले मात्र दूध बिक्री गर्दा स्थानीय सरकार बाट रू १९ हजार ३४० अतिरिक्त रकम पाएकी छन्।

# सडक खुलाइयो

गत असारको तेस्रो साता थाहा-३ घर्तिखोलामा आएको बाढीले बिच्छेद दामन-डाँडाबास सडक खुलाइएको छ। सो सडकअन्तर्गत भुङ्दलनजिक बाढीले क्षति पुऱ्याएको सडक मर्मत गरेर पुनः सञ्चालनमा ल्याइएको हो। त्यसैगरी अविरल वर्षाको कारण क्षति पुगेका वडा नम्बर ३ का धेरैजसो ग्रामीण सडकहरू मर्मत गरी सञ्चालनमा ल्याइएको वडा अध्यक्ष राजेश केसीले बताए। भुङ्दल-बाहुनगाउँ-दम्की वडास्तरीय सडक, महाभिर चौतारा सडक, लामाचौर सडक लगायत ग्रामीण सडकहरू सञ्चालनमा आएका छन्।

## मनहरी गाउँपालिकाद्वारा
# ३० वटा पाडापाडी वितरण



◆ विकास संवाददाता

मनहरी गाउँपालिकाले बुधवार वडावासिलाई ३० वटा पाडापाडि वितरण गरेको छ । दलित समन्वय समिति मनहरी गाँउपालिका अन्तर्गतको कार्यक्रममा पालिकाको सबै वडाका विपन्न दलित समुदायलाई ३० वटा पाडापाडी वितरण गरेको हो । पालिकाले दलित समन्वय समितिलाई प्रदान गरेको ९ लाखको बजेटबाट ६ लाख वरावरको र मकका पाडापाडी वितरण गरेको हो ।

बुधवार एक कार्यक्रमका विच गाँउपालिकाको अध्यक्ष एकराज उप्रतीको उपस्थितिमा पाडापाडी वितरण गरिएको हो। वितरण कार्यक्रममा यस्तो कार्यक्रमले आर्थिक रूपमा विपन्न रहेका जनतालाई टेवा पुग्ने अध्यक्ष उप्रेतिले बताए। 'हामीले यस्ता कार्यक्रमबाट विपन्न र पिछडिएका दलित समुदायमा आयआर्जनको स्रोत खडा गर्ने प्रयास गरेका छौ । जनताको आर्थिक स्तर उकास्ने कार्य अझै गर्दै जानेछौ ।,' उनले भने ।

दलित समन्वय समितिको कार्यकारी उपाध्यक्ष इश्वरी सुनारले अघिल्लो वर्षमा आरन सुधार,पाडापाडी वितरण,सिलाई मेसिन लगायतका कार्यक्रम भएको बताइन् । अघिल्लो आर्थिक वर्षमा ९ लाख पच्चिस हजार बजेटमा राम्रो कामहरू सम्पन्न भएको र यो आर्थिक बर्षमा पनि पालिकामा रहेका विपन्न दलित समुदायलाई आर्थिक रूपमा टेवा पुग्ने काम भएको उनले बताइन् ।

३० वटा पाडापाडीमा विपन्न दलित समुदायका ३० वटा परिवारमा वितरण गरिएको अध्यक्ष उप्रेतीले बताए ।

# इन्सेक बागमती प्रदेशको सार्वजनिक सुनुवाई सम्पन्न




◆ विकास संवाददाता

मानव अधिकार समूहको समन्वयमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक बागमती प्रदेश कार्यालय हेटौंडाको आयोजनामा शिक्षा, स्वास्थ, खाद्य र आवासको अधिकारका विषयमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरि बहादुर महतले खान नपाएर कोही नागरिकले ज्यान गुमाउन नहुने बताए। उनले शिक्षा र स्वास्थ्यको सम्पूर्ण जिम्मेवारी तीनै तहका सरकारले लिनुपर्ने भन्दै यसका लागि नागरिकको सचेतता पनि आवश्यक रहेकोमा जोड दिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरका शिक्षा प्रमुख गंगाधर रिमाल, स्वास्थ्य प्रमुख रमण झा, खाद्यप्रबिधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख सोमकान्त रिजालले सहजीकरण गरेका थिए । कार्यक्रममा मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्य, हेटौंडा-१ स्थित अमर माविका प्रधानाध्यापक मालती उप्रेतीले कोभिड-१९ महामारीका कारण बालबालिकालाई बैकल्पिक शिक्षणमा सहज बनाउन स्थानीय सरकारको क्रियाशीलतामा जोड दिए ।

कार्यक्रममा सहभागीहरूले शिक्षा, स्वास्थ्य, खाद्य अधिकारका बारेमा आफ्ना धारणा तथा गुनासो राखेका थिए। हेटौंडा-२ वडा टोलविकास वडा समन्वय समितिका मनिषा घले, विभिन्न स्वास्थकर्मीहरू, विद्यार्थीहरू र विभिन्न संघ संस्थाका पधाधिकारीहरूको उपस्थितिमा कार्यक्रम भएको हो ।

यसैबीच मानवअधिकार समूह हेटौंडाकी संयोजक चन्द्रावती पनेरू अधिकारीको सभाध्यक्षतामा मानवअधिकार समूहका सदस्यहरूका लागि क्षमता विकास तालिम आयोजना गरिएको छ । कार्यक्रममा कमलकुमार बिश्वकर्मा र अधिवक्ता अप्सरा बस्नेतले सहजीकरण गरेका थिए ।

# नि:शुल्क ब्रिज कोर्ष

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा स्थित नेम ईन्टिच्युटले एसईई दिएर बसेका विद्यार्थीहरूलाई अनलाईन मार्फत नि:शुल्क ब्रिज कोर्ष पढाउने भएको छ । हेटौंडा स्थित न्युज क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै ईन्टिच्युटले एसईई दिएर बसेका विद्यार्थीहरूलाई नि:शुल्क ब्रिज कोर्ष गराउने तयारी गरेको ईन्टिच्युटका संचालक किशोर अर्यालले बताए । कोरोना संक्रमण जोखिमको कारण निषेधाज्ञाले घरमै बसेका विद्यार्थीहरू मदत होस् भन्ने उदेश्यले ईन्स्टिच्युटले सामाजिक उत्तरदायित्व बहन अन्तर्गत अनलाईन मार्फत देशभरका विद्यार्थीहरू नि:शुल्क ब्रिज कोर्ष गराउने तयारी गरेको संचालक अर्याले बताए । उनले एसईई दिएका विद्यार्थीलाई विज्ञानको ब्रिज कोर्ष,व्यवस्थापन संकायको ब्रिज कोर्षको अनलाइन कक्षा निशुल्क संचालन गर्ने बताए ।

अर्यालका अनुसार एक विद्यार्थीलाई १५ हजार खर्च हुने ब्रिज कोर्ष नि: शुल्क संचालन गर्न लागिएको हो । इमान्दार र लगशिल विद्यार्थी मात्र उपस्थित हुन् भनेर ५ सय रजिस्टर शुल्क तोकिएको र उक्त शुल्क रकमले कक्षा संचालन अवधि भर शिक्षकका लागि इन्टरनेट जडान गरिदिने र अन्तिममा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीको लागि पुरस्कारको समेत व्यवस्था गरिएको संचालक अर्यालको भनाई छ ।

अर्यालका अनुसार ब्रिज कोर्ष लिन चाहाने देशभरका विद्यार्थीले आउँदो असार २५ गते भित्र फर्म भर्न सकिने र समयमै फर्म भरेका विद्यार्थीहरूलाई इमेल मार्फत जुम आइडि र पासवर्ड जानकारि दिईनेछ। कोर्ष असार २७ गतेदेखि दैनिक बिहान ३ देखि ४ घण्टाको रहनेछ ।

उपभोग्य सामाग्री खरिद गर्दा उपभोग मिति अनिवार्य हेरौं ।

# हेटौंडा ४ नम्बर वडाद्वारा डस्टविन वितरण



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ ले मंगलवार आफ्नो वडामा डस्टविन वितरण गरेको छ ।

मंगलवार भएको डस्टविन वितरण कार्यक्रममा वडाले ३० थान कुहिने,३० थान नकुहिने र ३० थान औषधिजन्य डस्टविन र ३० थान फोहोर हाल्ने सावेलसमेत प्रदान गरेको छ । वडामा रहेका सार्वजनिक स्थान,विद्यालय,मन्दिर,चर्च,पार्क लगायतका स्थानका लागि आवस्यकता हेरी वितरण गरिएको हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का अध्यक्ष नविन सिग्देलले बताए। उनले उक्त सरसफाइका सामाग्रि वन तथा वातावरण मन्त्रालयको वातावरण विभागले सहयोग गरेको बताए ।

'वन तथा वातावरण मन्त्रालयले उक्त सामाग्रिहरू सहयोग गरेपछि उपयोग र आवश्यक परेको स्थानमा प्रदान गरेको अध्यक्ष सिग्देलले बताए। हामीले १६ वटा विभिन्न संघसस्थाहरूमा वितरण गरेका छौ । हाम्रो वडामा समस्याको रूपमा निकासको समस्या रहेको छ,अब त्यस समस्यालाई वडाले कम गर्दै जाने छा,'उनले बताए। उनले वडावासीमाझ कुनै न कुनै कार्य मार्फत जोडिएको र काम समेत गर्दै गएको बताए ।

डस्टविन वितरण कार्यक्रममा ४ नम्बर वडाका वडा सदस्य राजेन्द्र कुमार बास्ताकोटीको सभाअध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथिमा हेटौंडा वडा नम्बर ४ का वडाअध्यक्ष नविन सिग्देल रहेका थिए। कार्यक्रममा वडाभित्र रहेका विभिन्न संघसंस्थाहरूका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी